पाठ ३७

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**आराधना** (२० मिनेट) **[मनोवृत्तिको अभिव्यक्ति]** **परमेश्वरको उपस्थिति र नजिकपनालाई अभ्यास गर्नु**

परिभाषा -

सिकाउनुहोस् - 'आराधना' भनेको के हो ? 'आराधना'को परिभाषा यस्तो छ- आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, भक्ति, विनम्रता र समर्पणताको मनोवृत्ति हो। विभिन्न प्रकारका प्रार्थनाहरू र हरेक दिन हामीले जिउने तरिकाद्वारा परमेश्वरप्रति हाम्रो आराधना प्रकट हुन्छ।

परमेश्वरको आराधना गर्न हामीले उहाँ को हुनुहुन्छ भनी जान्नु आवश्यक छ। यस पाठमा हामी परमेश्वरको उपस्थिति र नजिकतालाई अभ्यास गर्दै उहाँप्रतिको हाम्रो आराधनालाई प्रकट गर्ने बारेमा सिक्छौँ।

मनन गर्नुहोस् -

१. परमेश्वर हरेक ठाउँमा उपस्थित हुनुहुन्छ।

भजन १३९:७-१० पढ्नुहोस्। परमेश्वर साँच्चै अस्तित्वमा हुनुहुन्छ। परमेश्वर ब्रह्माण्डको हरेक ठाउँमा हुनुहुन्छ। परमेश्वर हाम्रो नजिकै हुनुहुन्छ। तर हामी उहाँको अस्तित्व, उपस्थिति र नजिकपनाको बारेमा सधैँ सचेत र सावधान हुँदैनौँ! त्यसकारण हामीले परमेश्वरको उपस्थिति र नजिकपनालाई अभ्यास गर्नु खाँचो छ।

२. सचेत भएर परमेश्वरको उपस्थितिभित्र प्रवेश गर्नुहोस्।

भजन २७:४ पढ्नुहोस्। हामीले एउटा कुराको चाहना गर्नु आवश्यक छ; त्यही एउटा कुरा माग्नुहोस् र त्यही एउटा कुरा खोजी गर्नुहोस्! त्यो एउटा कुरा भनेको हाम्रो जीवनको सबै दिनहरू परमप्रभुको घरमा बस्न पाउनु हो र परमप्रभुको सुन्दरतालाई हेरिरहन पाउनु हो!

यो कुरालाई हामीले व्यवहारिकरूपमा कसरी गर्ने?

- छोटो अवधिको मौनतापछि प्रार्थना र आराधना गर्न थाल्नुहोस्। उक्त मौनतामा परमेश्वर तपाईंको नजिकै उपस्थित हुनुहुन्छ भन्ने कुरा स्मरण गर्नुहोस्। सचेत भई सोच-समझका साथ परमेश्वरको उपस्थिति र नजिकतामा प्रवेश गर्नुहोस्।
- परमप्रभुको सुन्दरतालाई मनन गर्दै प्रार्थना र आराधना गरिरहनुहोस्। परमप्रभुको सुन्दरता भनेको उहाँको शक्ति, पवित्रता, धार्मिकता, दया, प्रेम, विश्वासयोग्यताजस्ता उहाँको विशेषताहरू हुन्। परमेश्वरको यी विशेषताहरूमध्ये एउटाको बारेमा सचेत भएर विचार गर्नुहोस्। बाइबलको पन्नाहरूबाट पवित्र आत्मालाई परमेश्वरको विशेषता तपाईंलाई व्याख्या गर्न दिनुहोस्। यी दुई प्रश्नहरूका बारेमा मनन् गर्नुहोस्:
- परमेश्वरको यो विशेषताले स्वयम् परमेश्वरको लागि के अर्थ राख्छ?
- परमेश्वरको यो विशेषताले तपाईंलाई व्यक्तिगतरूपमा के अर्थ राख्छ?

३. परमेश्वरसँग निरन्तर हिँड्नुहोस्।

भजन १६:८,११ पढ्नुहोस्।

- दाऊदले गरेझैँ तपाईंले पनि घरी-घरी गर्नुहोस्। दाऊदले सधैँ परमप्रभुलाई आफ्नो सामु राख्दथे। तिनले सोच-समझका साथ सचेत भएर परमेश्वरको उपस्थिति र नजिकपनाको बारेमा विचार गर्थे।

- तपाईंको जीवनको दैनिक क्रियाकलापहरूमा सोच-समझका साथ परमेश्वरलाई समावेश गराउँदै उहाँको उपस्थितिभित्र प्रवेश गर्न अभ्यास गर्नुहोस्। मानिसहरूसँग सम्बन्ध राख्दा परमेश्वरलाई समावेश गराउनुहोस्। तपाईंले योजनाहरू बनाउँदा र निर्णहरू गर्दा परमेश्वरलाई समावेश गराउनुहोस्। अनि त्यसैगरी तपाईंले काम गर्दा अथवा अध्ययन गर्दा परमेश्वरलाई समावेश गराउनुहोस्।
- परमेश्वर साँच्चै तपाईंको दाहिने हाततिर खडा हुनुहुन्छ अनि उहाँले तपाईंलाई हल्लिन दिनुहुन्न भन्ने कुरा याद गर्नुहोस्। यो घडी परमेश्वर तपाईंको दाहिने हाततिर खडा हुनुहुन्छ भन्ने कुराले तपाईंलाई के अर्थ लागछ भनी सोच-समझका साथ विचार गर्नुहोस्! उहाँले तपाईंलाई हेरिरहनुभएको छ र हरेक थोक उहाँले देख्नुहुन्छ! उहाँले तपाईंको कुरा सुनिरहनुभएको छ र हरेक थोक उहाँले सुन्नुहुन्छ! उहाँले तपाईंको बारेमा हरेक थोक जान्नुहुन्छ र उहाँले तपाईंको बारेमा विचार गर्नुहुन्छ! तपाईंसँग भेट्न, तपाईंसँग सम्बन्ध राख्न, तपाईंको कुरा सुन्न अनि तपाईंलाई केही कुरा बताउन उहाँ यहीँ नजिकै हुनुहुन्छ। विशेष उद्देश्यको निम्ति उहाँ उपस्थित हुनुहुन्छ!
- परमेश्वरको उपस्थितिको अर्थ तपाईंको लागि विभिन्न समय र परिस्थितिहरूमा विभिन्न कुराहरू दिनको लागि हो। कहिलेकाहिँ तपाईंलाई चेताउनी दिनको निम्ति उहाँ उपस्थित हुनुहुन्छ अनि कहिलेकाहिँ तपाईंलाई सल्लाह दिन अथवा हप्काउनु तपाईंको नजिक उपस्थित हुनुहुन्छ। र अरू समयमाचाहिँ तपाईंलाई सान्त्वना दिन, चङ्गाइ दिन अथवा बलियो तुल्याउन उहाँ उपस्थित हुनुहुन्छ। कहिलेकाहिँ तपाईंलाई उत्प्रेरणा दिन, उत्साह दिन, हौसला दिन र सहायता गर्न उहाँ उपस्थित हुनुहुन्छ। अनि अरू समयमाचाहिँ तपाईंलाई केही कुरा सिकाउन, केही कुरा प्रकट गर्न अथवा तपाईंको सामु ढोका खोल्न अथवा बन्द गर्न उहाँ उपस्थित हुनुहुन्छ।
- हनोक र नोआ परमेश्वरसँगै हिँडे (उत्पत्ति ५:२२; ६:९)। परमेश्वरले अब्राहामलाई आफ्नो मित्र भन्नुभयो (यशैया ४१:८)। येशूले पनि आफ्ना चेलाहरूलाई मित्र भन्नुभयो (यूहन्ना १५:१५)। हामी पनि परमेश्वरको उपस्थिति र उहाँको नजिकपनामा सचेत रहन अभ्यास गरौँ।

आराधना गर्नुहोस् - हामी ३ मिनेटसम्म चुपचाप बसेर परमेश्वरको आराधना गरौँ। परमेश्वरको उपस्थिति र नजिकपनाप्रति सचेत हुन अभ्यास गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **यहोशू १-४ अध्यायहरू**

तोकिएको बाइबल खण्ड (यहोशू १-४ अध्यायहरू) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)। अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**[फल फलाउनु]** **पत्ता लगाउने समूह**

इसाईहरूले सुसमाचार प्रचार गर्ने र सिकाउने धेरै तरिकाहरू छन्; जस्तै: व्यक्तिगत सुसमाचार प्रचार, सानो समूहमा सुसमाचार प्रचार, ठूलो भीडमा सुसमाचार प्रचार, पत्र-पत्रिका तथा पुस्तकहरूद्वारा सुसमाचार प्रचार, नाटकद्वारा सुसमाचार प्रचार, गीत-सङ्गीतद्वारा सुसमाचार प्रचार, चलचित्र तथा टेलिभिजनद्वारा सुसमाचार प्रचार र रेडियोद्वारा सुसमाचार प्रचार आदि। यीमध्ये उदाहरणको रूपमा लिने हो भने सानो समूहद्वारा सुसमाचार प्रचारचाहिँ पत्ता लगाउने समूह हो। यस किसिमको शिक्षामा आफैले सुसमाचारको सन्देशलाई पत्ता लगाउनको निम्ति सानो समूहमा रहेर मानिसहरूले बाइबल अध्ययन र त्यससम्बन्धी छलफल गर्ने गर्दछन्।

क. सुसमाचार प्रचारको निम्ति बाइबलीय सिद्धान्तहरू (शिक्षाहरू)

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - बाइबलको प्रत्येक खण्डमा सुसमाचार प्रचारको सिद्धान्त के हो?

१. गैर-इसाईहरूको लागि प्रार्थना गर्नुहोस्।

कलस्सी ४:२-४; प्रेरित १६:१४ पढ्नुहोस्।
टिप्पणी - गैरइसाई परिवारका सदस्यहरू, मित्रहरू, सहपाठी अनि सहकर्मीहरू र छिमेकीहरूका निम्ति नियमित प्रार्थना

गर्नुहोस् ताकि तिनीहरूलाई सुसमाचार बाँड्न परमेश्वरले अवसर जुटाइदिनुभएको होस् र त्यसलाई ग्रहण गर्नको निम्ति तिनीहरूले आफ्ना हृदय खोल्न सकून्। प्रार्थना भनेको मानिसहरूको हृदय र जीवनमा परमेश्वरले काम गर्नुहुन्छ भनी उहाँमा तपाईं भर पर्नु हो।

२. गैरइसाईहरूको जीवनमा सङ्लग्न हुनुहोस्।

यूहन्ना २:१२; प्रेरित १०:३८ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - यो चित्रमा मण्डलीको (इसई समुदायको) स्वभाव कस्तो छ?
टिप्पणी - गैरइसाईहरूको जीवनको परिस्थितिहरूमा सङ्लग्न हुँदै तिनीहरूप्रति आफ्नो रुचि जगाउनुहोस्। अगमवक्ताहरूले, येशूले र प्रेरितहरूले पनि यसै गरेका थिए। तिनीहरूसँग गुणस्तरीय समय बिताउनुहोस्, तिनीहरूका क्रियाकलापहरूमा सङ्लग्न भई त्यसमा आफ्नो सहभागिता जनाउनुहोस्, तिनीहरूको कठिनाइ र अभिरुचिहरू बाँडचुँड गर्नुहोस् र तिनीहरूप्रति व्यक्तिगतरूपमा साँचो अभिरुचि देखाउनुहोस्। तिनीहरूलाई तपाईंको नजिक आएर लामो समयसम्म तपाईंको जीवनलाई अवलोकन गर्न दिनुहोस्। तपाईंको जीवनको गुणस्तर, तपाईंको भरोसा, विश्वासयोग्यता, इमान्दारीपन, बाँड्चुँड गर्ने स्वभाव, सहायता, व्यक्तिगत अभिरुचि र प्रेमले ख्रीष्टप्रतिको तिनीहरूको नकारात्मक भावना हटाएर उहाँसँगको सम्बन्धतिर खिँच्छ।

३. गैरइसाईहरूलाई आफ्नो जीवनमा सङ्लग्न गराउनुहोस्।

यूहन्ना १:३८-३९; प्रेरित १०:२४,२७ पढ्नुहोस्।
टिप्पणी - गैरइसाईहरूलाई तपाईंको जीवनको परिस्थितिहरू अवलोकन गर्न निमन्त्रणा दिएर तिनीहरूको अभिरुचिलाई जगाउनुहोस्। आफ्नो घरमा गुणस्तरीय जीवन जिउनुहोस्, गैरइसाईहरूका लागि आफ्नो घरको ढोका खुल्ला राख्नुहोस्, इसाईहरू को हुन् र इसाईहरूले के गरिरहेका छन् भन्ने कुरा "आएर हेर्न" तिनीहरूलाई निमन्त्रणा दिनुहोस्, र तिनीहरूलाई तपाईंको क्रियाकलापहरू र अरू इसाईहरूसँगको तपाईंको सम्बन्धहरूमा सङ्लग्न गराउनुहोस्। परमेश्वरसँग र अरू इसाईहरूसँगको तपाईंको सम्बन्ध तिनीहरूलाई नजिक आएर लामो समयसम्म अवलोकन गर्न दिनुहोस् ताकि त्यसले तपाईं र तपाईंको परिवारमा कति गहिरो सम्बन्धहरू निर्माण भएका छन् भनी तिनीहरूले देख्न सकून्। तपाईंले प्रचार गर्नुहुने कुरालाई व्यवहारमा अभ्यास गर्नुहुन्छ भने त्यसले तपाईंको सन्देशलाई शक्तिशाली बनाइदिन्छ!

४. गैरइसाईहरूसँग बसेर बाइबल पढ्नुहोस् अथवा अध्ययन गर्नुहोस्।

रोमी १०:१४१७; प्रेरित ८:३०-३१,३५; १७:२-४ पढ्नुहोस्।
टिप्पणी - विश्वास सन्देश सुनाइबाट आउँछ र सन्देशचाहिँ ख्रीष्टको वचनको सुनाइद्वारा आउँछ। कुनै व्यक्ति विश्वासमा आउनको निम्ति सुसमाचारको घोषणा, शिक्षा अथवा त्यसलाई बाँड्नु अपरिहार्य हुन्छ। गैरइसाईहरूलाई तपाईंसँगै रहेर बाइबल पढ्न र त्यहाँ भएका कुराहरू खोजी गर्न उत्साह दिनुहोस्। यसो गर्नाले तिनीहरूले सुसमाचारको ज्ञान र बुझाइलाई प्राप्त गर्दछन्।

तरिका - केही महिना अथवा वर्षभरिको लागि साप्ताहिक बाइबल अध्ययन गरी पत्ता लगाउने समूह निर्माण गर्नुहोस्। तपाईंको तरिकामा प्रेरित १७ अध्यायमा भएको 'तर्क-वितर्क', 'व्याख्या' र 'प्रमाणित गर्ने' कुराहरूलाई समावेश गर्न सक्नुहुन्छ।

- तर्क-वितर्क गर्नु भनेको कुनै बाइबल खण्डलाई लिएर कुराकानी गर्नु अथवा छलफल गर्नु हो। यसो गर्नुको अर्थ बाद-विवाद गर्नु होइन।
- व्याख्या गर्नु भनेको बाइबल खण्डको अप्ठ्योरो भागहरूलाई सिकाएर त्यसलाई पूर्णरूपमा अर्थ खोलिदिनु हो।
- प्रमाणित गर्नु भनेको बाइबलको अरू भागहरूमा उल्लेखित तथ्यहरूद्वारा त्यसलाई पुष्टि गर्नु हो। यसमा विशेष गरी परमेश्वर, ख्रीष्ट र येशूको मृत्यु अनि पुनरुत्थानजस्ता कुराहरू पर्दछन्।

लक्ष्य - उक्त पत्ता लगाउने समूहको लक्ष्य भनेको परमेश्वर, मानिस र जीवनबारेको सत्यताहरू पत्ता लगाउनु र त्यसबारे छलफल गर्नु हो।

शीर्षकहरू - विशेषगरी निम्नलिखित शीर्षकहरूको बारेमा बाइबलले साँचोरूपमा के भन्दछ भनी पत्ता लगाउन गैरइसाईहरूलाई सहायता गर्नुहोस्:

- परमेश्वर को हुनुहुन्छ अनि कसरी उहाँ हामीसँग सम्बन्ध राख्न चाहनुहुन्छ?
- येशू ख्रीष्ट को हुनुहुन्छ अनि उहाँले पृथ्वीमा के गर्नुभयो र अहिले उहाँ के गर्दैहुनुहुन्छ?
- परमेश्वरबिनाको जीवन केजस्तो हो र त्यसले मानिसलाई कतातिर डोऱ्याउँछ?
- परमेश्वरसँगको जीवन केजस्तो हो र त्यसले मानिसलाई कतातिर डोऱ्याउँछ?
- मानिसले कसरी परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध अनुभव गर्न सक्छ?

५. गैरइसाईहरूलाई नै सत्यताहरू पत्ता लगाउन दिनुहोस्।

लूका १०:२५-२८; प्रेरित १७:११ पढ्नुहोस्।
टिप्पणी - बाइबलका सत्यताहरू गैरइसाईहरू आफैले पत्ता लगाउन दिनुहोस्। तिनीहरूले पढेका खण्डहरूमा प्रश्न सोधेर, त्यसको अर्थ र परिणामहरूको बारेमा विचार गर्न लगाएर तिनीहरूलाई सहायता गर्नुहोस्। यस किसिमले उक्त खण्डलमा भएको सत्यताले तिनीहरूमा गहिरो प्रभाव पार्नेछ र साथै त्यसलाई तिनीहरूले राम्रोसँग याद गर्नेछन्।

६. गैरइसाईहरूलाई तिनीहरूको खाँचोअनुसार उक्त सत्यता बुझ्न दिनुहोस्।

लूका ४:१८-१९; १ कोरिन्थी ९:१९-२३ पढ्नुहोस्।

टिप्पणी - गैरइसाईहरूलाई तिनीहरूको प्रासङ्गिक दृष्टिकोणअनुसार बाइबलीय सत्यताहरू बुझ्न सहायता गर्नुहोस्।

मानिसहरूले आफ्नो जीवनमा फरक-फरक खाँचोहरू महसुस गर्दछन्।

- केही मानिसहरूसँग शारीरिक खाँचोहरू हुन्छन्। प्राय: तिनीहरू रोगी अथवा शारीरिकरूपमा अशक्त हुन्छन्, थकित अथवा हतोत्साही हुन्छ, भोकाएका अथवा गरिब हुन्छन्, अत्याचारमा अथवा सतावटमा परेका हुन्छन्।
- केही मानिसहरूसँग भावनात्मक खाँचोहरू हुन्छन्। तिनीहरूले असुरक्षित महसुस गर्छन्, आफ्नो परिचय गुमाएका हुन्छन्, आफूले आफैलाई मन पराउँदैनन्, ठूलो भावनात्मक तनावमा जिएका हुन्छन् अथवा भावनात्मकरूपमा गहिरो चोटहरूमा कष्ट भोगिरहेका हुन्छन्।
- सबै मानिसहरूसँग आत्मिक खाँचोहरू हुन्छन्। तिनीहरू विगत अथवा वर्तमानको दोष अथवा शर्मले सताइएका हुन्छन्, कुनै मानिसको विरुद्धमा तीतोपना र घृणा लिएर जिइरहेका हुन्छन्, परमेश्वरको विरुद्धमा विद्रोह गरिरहेका हुन्छन् अथवा साधारणरूपमा भन्ने हो भने तिनीहरू हराएका हुन्छन्।
- धेरै मानिसहरूसँग आचरणसम्बन्धी खाँचोहरू हुन्छन्। सुरुमा तिनीहरूले सन्तुष्टि पाउनको लागि प्रयोग गरेका केही कुराहरूले तिनीहरूलाई आचरण अथवा सम्बन्धहरूमा पासोमा पारेको हुन्छ। सम्बन्धहरू विकास गर्ने अथवा नयाँ क्रियाकलाप गर्ने कुरामा तिनीहरू निष्क्रिय भएका हुन्छन्। तिनीहरूका त्यस्ता विशेष परिस्थितिहरूमा बाइबलीय सत्यताहरू कसरी लागू गर्न सकिन्छ भनी तिनीहरूलाई देखाइदिनुहोस्।

७. गैरइसाईहरूको जीवनमा सत्यतालाई सम्बन्ध राख्न सहायता गर्नुहोस्।

मर्कूस १:१४-१५; प्रेरित ३:१९; २ कोरिन्थी ६:१-२ पढ्नुहोस्।

टिप्पणी - बाइबलको सत्यताहरू जीवनमा सम्बन्धित बनाई त्यसलाई लागू गर्न गैरइसाईहरूलाई प्रोत्साहित गर्नुहोस्। बाइबलमा उल्लेखित सन्देशप्रति प्रतिक्रिया जनाउन तिनीहरूलाई उत्साह दिनुहोस् अथवा त्यसको निम्ति चुनौति दिनुहोस्। तिनीहरूले आफ्ना हृदय र जीवनमा ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनी स्कीकार गर्नको निम्ति निमन्त्रणा दिनुहोस्। परमेश्वरले हाम्रो दिमागलाई सन्तुष्ट तुल्याउनको निम्ति मात्र बाइबल दिनुभएको होइन तर त्यो हाम्रो जीवन परिवर्तन गर्नको निम्ति पनि दिनुभएको हो! सुसमाचारको यो पक्ष उक्त पत्ता लगाउने समूहको बाइबल अध्ययनमा गरिँदैन, तर त्यो सानो सभापछि व्यक्तिगतरूपमा भेटेर गर्नु पर्दछ।

ख. पत्ता लगाउने उक्त समूह सानो समूहमा सुसमाचार प्रचार गर्ने एउटा माध्यम हो।

उक्त पत्ता लगाउने समूहमा व्यवहारिकरूपमा कसरी नजिक हुने भनी सिकाउनुहोस्।

१. स्थान, वातावरण र गतिविधिहरू

स्थान - सुहाउँदो ठाउँ छान्नुहोस्; जस्तै: सबै जना भेट्नको निम्ति घरको कोठा अथवा घरबाहिरको शान्त स्थान उपयुक्त हुन्छ।

आकार - भेटघाट गर्न दुईदेखि चार जोडी मानिसहरूको सानो समूह बनाउनुहोस् (यहाँ जोडी भनेको इसाई र गैरइसाई व्यक्तिको समूह हो)।

नजिक हुने तरिका - तपाईंको क्रियाकलापहरूलाई अनाधिकारिक र अनौपचारिक ढङ्गमा राख्नुहोस्। त्यसकारण, उक्त भेटघाटमा प्रचार, गीत-भजन अथवा प्रार्थनाजस्ता परम्परागत इसाई गतिविधिहरूलाई समावेश नगर्दा नै राम्रो हुनेछ। त्यसबेला पत्ता लगाउने समूहको क्रियाकलापहरू भनेको बाइबल पढ्नु र त्यस खण्डलाई छलफल गर्नु हो। कुनै-कुनै सँस्कृति र स्थानहरूमा गीत-भजन गाउनु र प्रार्थना गर्नु उपयुक्त अनि सहायता मिल्ने हुन सक्छ। तैपनि, अरू सँस्कृतिहरूमा त्यस्ता गतिविधिहरूले डरको भावना उत्पन्न गरी मानिसहरूलाई बाइबलको सत्यताहरू पत्ता लगाउने मुख्य उद्देश्यबाट टाढा लैजान सक्छ। इसाईहरूलाई सतावट हुने मुलुकहरूमा प्रचार, गीत-भजन र ठूलो सोरको प्रार्थनाले तिनीहरूका सत्रुहरूको ध्यानलाई आकर्षित गर्न सक्छ। त्यस्तो परिस्थितिमा उक्त सानो समूहका मानिसहरूले नरम सोरमा कुराकानी गर्न निर्णय गर्नुपर्छ, ताकि ढोकाबाहिरबाट तिनीहरूको आवाजलाई सुन्न नसकियोस्। अनि त्यस्तो परिस्थितिहरूमा समूहका मानिसहरू एकैपटक आउने र जाने गर्नु हुँदन, तर एक-दुई जना गरी आउने-जाने गर्नुपर्दछ। तपाईंको परिस्थिति र परिवेशमा के गर्नु असल हुन्छ, सो निर्णय गर्नुहोस्।

पृष्ठभूमि - सुरक्षित स्थान र आधुनिक परिस्थितिहरूमा उक्त पत्ता लगाउने समूहले छलफल गर्नुभन्दा पहिले र पछाडि पृष्ठभूमिमा असल सुमधुर गीतहरू बजाउनु राम्रो हुन्छ। यदि सकिन्छ भने समूहको छलफलस सुरु हुनुभन्दा पहिले र सकिएपछि चिया अथवा कुनै पेय पदार्थ दिनु राम्रो हुन्छ।

समय - समूहको अगुवाले पहिले नै सहमति गरिएको समय ६०, ९० अथवा १२० मिनेटको कार्यक्रमलाई समयमा नै सकाउनु पर्छ। विशेष गरी आधुनिक समाजमा जहाँ मानिसहरू पढ्ने अथवा अरू काममा व्यस्त हुन्छन्, त्यस्तो स्थानहरूमा समयलाई ध्यानमा राख्नु पर्दछ।

२. इसाई र गैरइसाई मिसाएर जोडी बनाउनुहोस्।

निमन्त्रणा - केही इसाईहरू मिलेर केही महिनासम्म साप्ताहिकरूपमा भेटघाट गरी पत्ता लगाउने समूह सञ्चालन गर्न निर्णय गर्दा, उक्त समूहको हरेक इसाईले एउटा गैरइसाई मित्रलाई उक्त ठाउँमा ल्याउने कोसिस गर्नुपर्छ।

उद्देश्य - उक्त पत्ता लगाउने समूहको उद्देश्य बाइबलबाट छलफल गरी परमेश्वर, मानिस र जीवनको बारेमा सत्यताहरू पत्ता लगाउनु हो भनी भनी मानिसहरूलाई बताइदिनुहोस्।

साथमा रहनुहोस् - इसाईले उक्त भेटघाट गर्ने स्थानमा गैरइसाईलाई साथ दिनुपर्दछ, उसँगै बस्नुपर्दछ, पत्ता लगाउने र छलफल गर्दा उसँग समूहमा काम गर्नुहोस् र अन्तमा त्यहाँबाट निस्केर जाँदा पनि सँगै जानुहोस्।

३. परिचय

उक्त समूहको अगुवाले हरेकलाई स्वागत गर्दछ। हरेकले आफ्नो छोटो परिचय दिँदछ (पहिलो नाम र आफ्नो पेशा अथवा अध्ययनको विषय)। अनि समूहको अगुवाले उक्त भेलाको उद्देश्य बताउनुको साथै पत्ता लगाउने र छलफल गर्ने कामलाई यसरी अगाडि बढाउँदछन्:

उद्देश्य - उक्त पत्ता लगाउने समूहको उद्देश्य बाइबलबाट परमेश्वर, मानिस र जीवनको बारेमा सत्यताहरू पत्ता लगाउनु र छलफल गर्नु हो।

पढ्नुहोस् - हामीले बाइबलको उक्त अध्याय (अथवा खण्ड) दुईपटक पढ्नेछौँ: पहिले सबैजना मिलेर अनि आफैले मात्र आवाज ननिकालिकन पढ्नेछौँ। पहिले समूहको प्रत्येक व्यक्तिले पालैपालो उक्त खण्डलाई एक-एक पद गरी पढ्नेछ। त्यसपछि हरेकले उक्त खण्डलाई मनमनै पढ्नेछ।

प्रश्नहरू - त्यहाँ तीन अथवा चारवटा डोऱ्याउने प्रश्नहरू हुन्छन्। हामीले पहिले हरेक प्रश्नलाई दुई-दुई जनाको सानो समूहमा छलफल गर्नेछौँ।

छलफल - त्यसपछि हामीले छलफल गरेका र पत्ता लगाएका कुराहरू बाँडचुँड गर्नुको साथै हाम्रा प्रश्नहरू सम्पूर्ण समूहमा स्पष्ट पार्ने कोसिस गर्नेछौँ।

सारंश - त्यो भेलाको अन्तमा उक्त छलफलको सारंश निकालिनेछ।

४. बाइबल पढाइ

बाइबलको अनुवाद - समूहको हरेक व्यक्तिले बाइबलको उही अनुवाद प्रयोग गर्नु पर्दछ। त्यसको निम्ति तपाईंहरूले छलफल गर्ने बाइबल खण्डलाई फोटोकपी गर्न सक्नुहुन्छ। आफूसँग भएको बाइबल बाँडचुँड गर्नुहोस्, ताकि इसाईसँग आएको गैरइसाई मित्रले पनि बाइबल पढ्न सकोस्।

एकसाथ पढ्नुहोस् - हरेक व्यक्तिले पढ्नुपर्ने बाइबल खण्ड भेट्टाएपछि त्यसलाई पालैपालो एक-एक पद गरी पढ्नुहोस्।

एक्लै पढ्नुहोस् - त्यसपछि हरेकलाई उक्त बाइबल खण्ड आफ्नो निम्ति शान्त रहेर मनमनै एक अथवा सोभन्दा धेरैपटक पढ्न लगाउनुहोस्।

५. उक्त पत्ता लगाउने समूहमा प्रयोग गर्ने प्रश्नहरूको किसिमहरू

समूहका मानिसहरूले पढेको विशेष बाइबल खण्डमा सुसमाचारको सत्यताहरू पत्ता लगाउन सहायता मिल्ने गरी अगुवाले प्रश्नहरूको प्रयोग गर्नुपर्दछ। उदाहरणको लागि केही प्रश्नहरू यहाँ दिइएका छन् र तिनीहरूलाई प्रत्येक निश्चित अध्यायमा निर्दिष्ट बनाउनु पर्दछ। समूहको अगुवाले प्रत्येक अध्यायको निम्ति तीन-चार वटा प्रश्नहरू तयार पार्दछ। निम्नलिखित तीन समूहहरूमध्ये प्रत्येकले कम्तीमा एउटा प्रश्न प्रयोग गर्दछ:

समूह १ - "येशू ख्रीष्टले के गर्नुहुन्छ?" भन्ने किसिमको प्रश्नहरू: जस्तै:

- कसरी येशू ख्रीष्टले मानिसहरूप्रति व्यक्तिगतरूपमा उहाँको अभिरुचि देखाउनुहुन्छ?
- कसरी येशू ख्रीष्टले मानिसहरूको खाँचोहरूको आफ्नो बुझाइ देखाउनुहुन्छ?
- कसरी येशू र उहाँका समकालीन अरू मानिसहरूको मनोवृत्ति फरक छ?
- कसरी येशूले जीवनको विशेष समस्यालाई भेट्नुहुन्छ? जस्तै: अनभिज्ञता, रोग-बिरामी, पूर्वाग्रह र आलोचना, हठीपना, स्वार्थ, विरोध र मृत्युजस्ता समस्याहरू।
- मानिसहरूलाई सहायता गर्ने क्षमता येशूले कसरी प्रदर्शन गर्नुहुन्छ?
- येशूले कसरी जीवनको विशेष अवस्थामाथि आफ्नो अधिकार प्रदर्शन गर्नुहुन्छ?
- येशूले यहाँ गरिरहनुभएको कुराको महत्व के छ?
- येशूले यहाँ भनिरहनुभएको कुराको अर्थ के हो? अथवा किन उहाँले यसो भन्नुहुन्छ?
- उहाँले के विशेष कुरा गर्नुहुन्छ? उदाहरणको लागि येशू यो पृथ्वीमा किन आउनुभयो?
- येशूको वचनहरू र कामहरूबाट हामीले मानवीय स्वभाव र जीवन अथवा संसारको बारेमा के सिक्छौँ?

समूह २ - "येशू ख्रीष्ट को हुनुहुन्छ?" भन्ने किसिमको प्रश्नहरू:

- येशूको व्यक्तित्वको कुन अद्वितीय पक्षले यो विशेष घटनालाई प्रकट गर्दछ?
- येशूले स्वयम् आफ्नो बारेमा के घोषणा गर्नुहुन्छ?
- येशूले "संसारको ज्योति" अथवा "जीवनको रोटी" हुँ भन्नुहुँदा उहाँले के भन्न खोज्नुभएको हो?
- मानिसहरूले येशू को हुनुहुन्छ भनी विचार गर्दछन्?
- पुरानो करारका अगमवक्ताले सयौँ वर्षपहिले येशूको बारेमा के विशेष कुरा भन्दछन्?

समूह ३ - "कसरी मानिसहरू येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्धमा आउन सक्छन्?" भन्ने किसिमका प्रश्नहरू:

- कसरी येशू ख्रीष्ट हामीसँग सम्बन्ध राख्न चाहनुहुन्छ?
- कसरी फरक-फरक मानिसहरूले येशूको कामहरू अथवा शिक्षाहरूप्रति प्रतिक्रिया जनाउँछन्?
- कुनै व्यक्तिले उहाँसँग सम्बन्ध राख्न उसले के गर्नैपर्छ भनी येशूले भन्नुहुन्छ?
- येशू ख्रीष्टले हामीबाट के अपेक्षा गर्नुहुन्छ?
- विश्वास गर्ने व्यक्तिको जीवनमा के परिवर्तनहरू भए?
- येशूसँग सम्बन्ध राख्ने विश्वासीले के कुराको अनुभव गर्ने अपेक्षा गर्न सक्छ?
- येशूसँग सम्बन्ध सरु गरेपछि हुने परिणामहरू के-के हुन्?

- येशू ख्रीष्टसँगको सम्बन्धलाई इन्कार गर्नुको परिणामहरू के-के हुन्?
- येशूमा विश्वास नगर्न मानिसहरूले के-के तर्कहरू प्रयोग गर्दछन्?
- "येशूमा विश्वास गर्नु" अथवा "येशूलाई तपाईंको हृदय र जीवनमा ग्रहण गर्नु" भनेको के हो?
- कुनै व्यक्तिले कसरी "येशूलाई आफ्नो हृदय र जीवनमा ग्रहण" गर्न सक्छ?

६. पत्ता लगाउनु र छलफल गर्नु

अन्तरक्रिया - उक्त पत्ता लगाउने समूहलाई प्रेरित १७ अध्यायमा झैँ बाइबल पढ्ने, छलफल गर्ने, व्याख्या गर्ने र प्रमाणित गर्ने समूहको रूपमा चित्रण गरिन्छ। त्यहाँ प्रचार गर्ने, शिक्षा दिने अथवा मानिसहरूलाई निर्णय लिन चुनौति दिनेजस्ता काम गर्नु हुँदैन। उक्त पत्ता लगाउने समूहमा सबैलाई बराबरी ठानी सानो समूहमा रही एक-आपसमा अन्तरक्रिया गर्नुपर्छ; र त्यहाँ परम्परागतरूपमा वक्ताले बोल्ने र श्रोताले सुन्ने एकतर्फी सञ्चार हुनुहुँदैन।

तिनीहरूलाई पत्ता लगाउन दिनुहोस् - उक्त पत्ता लगाउने समूह आफैले बाइबलको सत्यताहरू पत्ता लगाउनको निम्ति एकले अर्कोलाई सहायता गर्ने काममा ध्यान केन्द्रित गर्दछ। त्यसकारण, सानो समूहहरू (इसाई र उसको गैरइसाई मित्र) साथमा रहेर पत्ता लगाउने र छलफल गर्ने काम गर्दा, इसाईले आफ्नो साथीलाई उक्त खण्डबाट अवलोकनहरू पत्ता लगाउन र निष्कर्षहरू निकाल्न उत्साह दिनुपर्दछ। त्यतिबेला इसाईले आफ्नो गैरइसाई मित्रलाई यस्ता प्रश्नहरू सोध्न सक्छ:

"यस प्रश्नसँग सम्बन्धित कुन तथ्यहरू हामी यहाँ भेट्टाउन सक्छौँ?"
"यसको अर्थ के हो भनी तपाईं विचार गर्नुहुन्छ?"
"हामीले कसरी यसलाई अहिले हाम्रो परिस्थितिसँग सम्बन्ध राख्न सक्छौँ?"

छलफललाई संयोजन गर्न समूहको अगुवाले गर्नुपर्ने काम - उक्त छलफलमा समूहको अगुवाले बाइबल शिक्षकको भूमिका होइन तर अध्यक्ष अथवा संयोजकको काम गर्नुपर्दछ।

परिचय र बाइबल पढिसकेपछि समूहको अगुवाले पहिलो प्रश्नतिर मानिसहरूलाई डोऱ्याउँछ।

इसाई र उसको अइसाई मित्र भएको सानो समूहहरूले करिब पाँच मिनेटसम्म उक्त बाइबल खण्डमा भएका तथ्यहरू पत्ता लगाएर उत्तरको बारेमा छलफल गर्दछन्।

त्यसपछि समूहको अगुवाले उक्त प्रश्न सम्पूर्ण समूहलाई सोधेर बृहत छलफलतिर लैजान्छ। समूहको अगुवाले मानिसहरूलाई आफूले पत्ता लगाएका कुराहरू र त्यसबारे तिनीहरूका दृष्टिकोण बाँड्न हरेक सहभागीलाई प्रोत्साहन दिएर सम्पूर्ण समूहलाई अगुवाइ गर्दछ; र त्यसको साथै मानिसहरूलाई आफूसँग भएका प्रश्नहरू सोध्न र कुनै विशेष कुराको निम्ति तर्क-वितर्क गर्न पनि अनुमति दिन्छ। उसले मानिसहरूले पत्ता लगाएका सत्यताहरू छलफल गर्ने कुरातिर उक्त समूहलाई लैजान कोसिस गर्छ। उसले मानिसहरूका सबै प्रश्नहरूलाई गम्भीररूपमा लिन्छ, तर तिनीहरूलाई मुख्य उद्देश्यबाट दायाँ-बायाँ जान दिनुहुँदैन। गाह्रो प्रश्नको उत्तर आफैले दिएर उसले मानिसहरूलाई सहायता गर्न सक्छ अथवा समूहको उक्त भेलापछाडि पनि उसले प्रश्नको उत्तर दिन सक्छ।

छलफल चलेको करिब दश मिनेटपछि समूहको अगुवाले उक्त प्रश्नको उत्तरलाई त्यहाँ भएका मानिसहरूको योगदानलाई प्रयोग गर्दै निचोडमा ल्याउँछ। त्यसपछि उसले फेरि दोस्रो प्रश्न सोध्छ।

उक्त पत्ता लगाउने समुहको भेलाको अन्तमा, जब प्रश्न-उत्तरको प्रक्रिया तीन-चारपटक चलिसकेको हुन्छ, उक्त समूहको अगुवाले पत्ता लगाइएका कुराहरूलाई सारंशमा बताइदिन्छ र सेतोपाटीमा त्यसलाई स्पष्ट पार्ने उदाहरण लेखिदिन्छ। त्यसरी लेखिने उदाहरण अध्ययन गरिएको बाइबल खण्डबाट समूहले पत्ता लगाएका सत्यताहरूमा आधारित हुनुपर्छ।

७. पत्ता लगाउने समूहको भेलापछिको समय

निमन्त्रणा - भेलाको अन्तमा समूहको अगुवाले यसो भन्दछ, "यो हप्ताको पत्ता लगाउने समूहको भेला सकियो। कृपया अर्को हप्ता फेरि आउनुहोस्। अर्को यस्तै समूहको भेला यो-यो समयमा यो-यो स्थानमा हुनेछ। यदि तपाईंलाई अर्को ठाउँमा जानुपर्ने छ भने जान सक्नुहुनेछ। यदि फुर्सद छ भने आउनुहोस् चिया पिएर अझै केही कुराकानी गरौँ।"

सम्पर्कमा रहनुहोस् - अइसाई व्यक्तिहरूलाई भेला ल्याउने इसाईहरूले ती मानिसहरूलाई अरू समयमा पनि भेटघाट गर्ने समय मिलाउनुपर्छ। त्यतिबेला तिनीहरूले बाइबलको सत्यताहरू छलफल गर्न अवसर पाउन सक्छन्।

साथीले सुसमाचारलाई कसरी बुझेको छ भन्ने कुरामा ध्यान केन्द्रित गर्नुहोस् - आफ्नो अइसाई मित्रले येशू ख्रीष्टलाई उसको जीवनमा मुक्तिदाता भनी ग्रहण गर्न रुचि देखाउँदा अथवा त्यसको निम्ति तयार छु भन्ने देखाउँदा, उसले सुमाचारलाई राम्रोसँग बुझेको छ भन्ने कुरामा इसाई पक्का हुनुपर्दछ। मानिसहरूले येशू ख्रीष्टलाई आफ्नो जीवनमा ग्रहण गर्ने तरिकाहरू फरक-फरक हुन सक्छ। कहिलेकाहिँ, उसले येशू ख्रीष्टलाई आफ्नो जीवनमा ग्रहण गर्नको निम्ति उसँगै प्रार्थना गर्नुपर्ने हुन्छ भने कहिलेकाहिँ, त्यसको निम्ति उसले सुसमाचारलाई कसरी बुझेको छ भन्ने बारेमा उपयुक्त प्रश्नहरू सोध्नुपर्ने हुन्छ।

सुसमाचारप्रति केन्द्रित रहनुहोस् - पत्ता लगाउने समूहमा बाइबल अध्ययन गर्नु भनेको सुमाचार प्रचारको निम्ति गरिने बाइबल अध्ययन हो र त्यसरी गरिने हरेक भेला आफैमा एक पूर्ण कार्यक्रम हो। त्यस्तो भेलामा कुनै अइसाई मित्र एकपटक मात्र उपस्थित हुन्छ, केहीचाहिँ अनियमितरूपमा आउने गर्छन्, तर अरू केहीचाहिँ हरेक भेलामा आउँछन्। त्यही कारणले गर्दा, त्यस किसिमको पत्ता लगाउने समूहको एउटा भेलामा सुसमाचारको सत्यताहरूलाई पूर्ण अनि स्पष्टसँग प्रस्तुत गर्ने लक्ष्य राख्नुपर्दछ। त्यसको निम्ति उक्त समयमा प्रश्नहरू र छलफललाई प्रयोग गर्न आवश्यक हुन्छ।

अनुगमन - उक्त सानो समूहको अइसाईहरूले ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी ग्रहण नगरेसम्म उक्ता पत्ता लगाउने समूहलाई निरन्तर सञ्चार गरिरहनुहोस्। त्यसपछि नयाँ इसाईहरूका निम्ति नयाँ घरेलु सङ्गतिको रूपमा 'वृद्धि गराउने समूह' अथवा 'चेलापन समूह' निर्माण गर्नुहोस्। यदि तपाईंसँग सेवकाइ गर्ने इसाईहरूको समूह छ भने उक्त पत्ता लगाउने समूह वर्षभरि नै चलिरहन सक्छ। तपाईंको समूहका केही सेवकहरू उक्त पत्ता लगाउने समूहमा सहभागी हुन्छन् भने अरूहरूचाहिँ वृद्धि अथवा चेलापन समूहहरूमा सहभागी भएर काम गर्दछन्। उक्त पत्ता लगाउने समूहमा निरन्तर सहभागी हुने नयाँ इसाईहरू थुप्रै फाइदाहरू पाउन सक्छन्। केही अवस्थाहरूमा, चेलापन समूह र पत्ता लगाउने समूह एउटै स्थान र एउटै समयमा भेला हुन सक्छन् तर त्यसको निम्ति अर्को कोठा तयार गर्नुपर्छ र तिनीहरूलाई भेलापछाडि चियापान र साथीहरू बनाउने वातावरण निर्मणा गरिदिनुपर्छ।

ग. पत्ता लगाउने समूहको निम्ति धर्मशास्त्रको खण्डहरूको केही नमुनाहरू

पत्ता लगाउने समूहमा बाइबल अध्ययनको निम्ति मत्ती, मर्कूस, लूका र यूहन्नाको सुसमाचारलाई प्रयोग गर्न सकिन्छ; र त्यसको साथै रोमी ३ अध्याय र एफिसी २ अध्यालाई पनि प्रयोग गर्न सकिन्छ। त्यस किसिमको पत्ता लगाउने समूहमा यी बाइबल खण्डहरू सहायकसिद्ध प्रमाणित भएका छन्:

१.	**मत्ती १:१८-२:२३**	येशूको जन्म
२.	**मत्ती ४:१-२५**	परीक्षाहरू, शिक्षा, प्रचार, चङ्गाइ
३.	**मत्ती ५:१-४८**	आशिष्हरू, नून र ज्योगि, व्यवस्था
४.	**मत्ती ६:१-३४**	दिनु, प्रार्थना, उपवास, रुपैयाँ-पैसा, चिन्ता-फिक्री
५.	**मत्ती ७:१-२९**	न्याय गर्नु, प्रार्थना, ढोकाहरू, रूख, घर बनाउनेहरू
६.	**मत्ती ८:१-३४**	चङ्गाइ, पछ्याउँदा चुकाउनेपर्ने मूल्य
७.	**मत्ती ९:१-३८**	चङ्गाइ, बोलावट, उपवास, प्रार्थना
८.	**मत्ती ११:१-३०**	आश्चर्यकर्महरू, राज्य, चिन्ता-फिक्रीबाट विश्राम
९.	**मत्ती १२:१-५०**	शबाथ (विश्राम दिन), नोकर, राज्य, परिवार
१०.	**मत्ती १३:२४-५१**	दृष्टान्तहरू (उखानहरू)
११.	**मत्ती १५:१-२०**	शुद्ध र अशुद्ध (सफा र फोहर)
१२.	**मत्ती १८:१-३५**	दृष्टान्तहरू
१३.	**मत्ती १९:१-३०**	विवाह, बाल-बालिकाहरू, धनी मानिसहरू
१४.	**मत्ती २०:१-२८**	दृष्टान्त, मृत्यु, अगुवापन
१५.	**मत्ती २१:२८-४६**	दृष्टान्तहरू

१६.**मत्ती २२:१-४०** दृष्टान्त, सरकार, विवाह, प्रेम
१७.**मत्ती २३:१-३९** कपटीहरू (ढोंगीहरू)
१८.**मत्ती २४:१-५१** दोस्रो आगमन
१९.**मत्ती २५:१-४६** दोस्रो आगमन, अन्तिम न्याय
२०.**मत्ती २६:३१-७५** सङ्घर्ष, पक्राउ, जाँच
२१.**मत्ती २७:१-६६** जाँच, क्रूसको मृत्यु, दफन
२२.**मत्ती २८:१-२०** पुनरुत्थान, महान् आदेश

१. **मर्कूस १:१-४५** शक्तिशाली + आत्मिक, परमेश्वर + परीक्षित, भरोसा + दयालुपन
२. **मर्कूस २:१-२७** अधिकार, बिरामी + स्वस्थ व्यक्ति, पुरानो + नयाँ
३. **मर्कूस ३:१-३५** धार्मिक नियमहरू + मानवीय खाँचोहरू, दुष्ट आत्माहरू + पवित्र आत्मा, सांसारिक परिवार + परमेश्वरको परिवार
४. **मर्कूस ४:३५-५:४३** प्रकृतिमाथिको अधिकार, भूतहरू, निको नहुने रोग र मृत्यु
५. **मर्कूस १०:१-५२** विवाह-विच्छेद, बाल--बालिकाहरू, धनी मानिस, अगुवाहरू र उहाँको क्रूसको मृत्यु
६. **मर्कूस १५:१-४७** जाँच, इन्कार, क्रूसको मृत्यु, दफन

१. **यूहन्ना १:१-५१** येशूको पूर्व-अस्तित्व, चेलाहरूको बोलावट
२. **यूहन्ना २:१-२३** विवाहभोज, मन्दिर
३. **यूहन्ना ३:१-२१** पुनर्जन्म (नयाँ जन्म), मुक्ति, दोषी ठहऱ्याउनु
४. **यूहन्ना ४:१-४२** पवित्र आत्मा + आत्मिक आराधना
५. **यूहन्ना ५:१-४७** परमेश्वरसँग उहाँको सम्बन्धको दाबीहरू + येशूको बारेमा गवाहीहरू
६. **यूहन्ना ६:१-१५,२५-७२** नष्ट हुने रोटी + अनन्त जीवनसम्म रहने रोटी
७. **यूहन्ना ८:१-५९** येशूका दाबीहरू
८. **यूहन्ना ९:१-४१** शारीरिक अन्धोपना + आत्मिक अन्धोपना
९. **यूहन्ना १०:१-३९** गोठालो र भेडा
१०.**यूहन्ना ११:१-५७** आश्चर्यकर्म + सतावट
११.**यूहन्ना १२:१-५०** मृत्युको भविष्यवाणी + यहूदीहरूको अविश्वास
१२.**यूहन्ना १३:१-३८** धोका र इन्कारको भविष्यवाणीहरू
१३.**यूहन्ना १४:१-२७** येशूका दाबीहरू + पवित्र आत्मा
१४.**यूहन्ना १५:१-२७** दाखको बोट र हाँगाहरू, संसारले गर्ने घृणा
१५.**यूहन्ना १७:१-२६** येशूको प्रार्थनाहरू
१६.**यूहन्ना १८:१-४०** पक्राउ, जाँचहरू
१७.**यूहन्ना १९:१-४२** मृत्युदण्ड, क्रूसको मृत्यु, दफन
१८.**यूहन्ना २०:१-३१** पुनरुत्थान, देखा पर्नुभएको घटनाहरू

१. **यशैया ५२:१३-५३:१२** मानवताबारे भविष्यवाणी, दुख-कष्ट + येशू ख्रीष्टको विजय
२. **रोमी ३:९-११** धार्मिकताको खाँचो + विश्वासद्वारा धार्मिकता
३. **एफिसी २:१-१०** पापहरूमा मरेको + ख्रीष्टमा जीवित पारिएको
४. **प्रेरित १:१-११; १ थेसलोनिके ४:१३-५:११** स्वर्गारोहण + दोस्रो आगमन

५. **कलस्सी १:१५-२३; २:९-१५** येशूको पूर्व प्रतिष्ठा

६. **प्रकाश २०:११-२१:८; २१:२२-२२:६** अन्तिम न्याय + नयाँ स्वर्ग र नयाँ पृथ्वी

घ. पत्ता लगाउने समूहको कार्यक्रमको नमुना

यहाँ एउटा पत्ता लगाउने समूहको कार्यक्रमको नमुना दिइएको छ।

१. परिचय

प्रत्येक इसाईलाई उसको अइसाई साथीको छेउमै बस्न दिनुहोस्। उक्त पत्ता लगाउने समूहको उद्देश्य बाइबलबाट परमेश्वर, मानिस र जीवनको बारेमा सत्यताहरूलाई सँगसँगै रहेर पत्ता लगाउनु र छलफल गर्नु हो भनी व्याख्या गरिदिनुहोस्।

२. पढाइ

तोकिएको बाइबल खण्डलाई दुईपटक पढ्नुहोस्। त्यसको निम्ति बाइबलको उही अनुवाद अथवा उक्त खण्डको फोटोकपीलाई प्रयोग गर्नुहोस्। पहिले मत्ती ९:१-३८ लाई पालैपालो सबैजनाले एक-एक पद पढ्नुहोस्। त्यसपछि हरेकले मत्ती ९:१-३८ लाई शान्त भएर मनमनै पढ्नुहोस्।

३. प्रश्नहरू

समूहको अगुवाले निम्नलिखित चारवटा अगुवाइ गर्ने चारवटा प्रश्न तयार गरेको थियो।

- प्रश्न १ - कसरी येशूले व्यक्तिगतरूपमा मानिसहरूप्रति अभिरुचि देखाउनुहुन्छ?
- प्रश्न २ - पक्षघाती मानिसलाई निको पारिएको घटनामा येशूको व्यक्तित्वको कुन पक्षहरू प्रकट भएका छन्?
- प्रश्न ३ - येशूले 'फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्' (मत्ती ९:३७) भन्नुहुँदा, उहाँले के भन्न खोज्नुभएको हो?
- प्रश्न ४ - यो अध्यायमा उल्लेखित फरक-फरक मानिसहरूले येशूप्रति कसरी प्रतिक्रिया जनाए?

इसाई र अइसाई मित्र भएको सानो समूहमा हरेक प्रश्नलाई करिब पाँच मिनेट जति छलफल गर्नुहोस् र त्यसपछि ती प्रश्नहरूलाई सम्पूर्ण समूहमा छलफल गर्नुहोस्।

४. छलफल

सानो समूहमा पत्ता लगाएका कुराहरू बाँडचुँड र छलफल गर्नुहोस्। ती प्रश्नहरू सम्पूर्ण समूहमा स्पष्ट पारिदिने कोसिस गर्नुहोस्। प्रत्येक प्रश्न र त्यसको छलफलको लागि करिब दश मिनेट लगाउनुहोस्।

५. सारंश


प्रत्येक प्रश्न र त्यसको छलफलको अन्तमा, समूहको सदस्यहरूको योगदानहरूलाई प्रयोग गर्दै त्यसको उत्तरलाई सारंशमा बताइदिनुहोस्। प्रत्येक पत्ता लगाउने समूहको भेलाको अन्तमा, उक्त समूहले पत्ता लगाएको मुख्य सत्यताहरूलाई चित्र कोरेर सारंशमा व्याख्या गर्नुहोस्। उदाहरणको लागि यहाँ मत्ती ९:१-३८ बाट सारंशमा चित्रद्वारा व्याख्या गरिएको छ।

ख्रीष्ट

येशूले तिनीहरूको विश्वास देख्नुभयो

मानिस

केही मानिसहरूले पापी छु भनी जान्छन्। पापहरू क्षमा भएका छैनन्। सामाजिक रूपमा त्यागिएका छन्। आत्मिकरूपमा बिरामी छन्। केही मानिसहरूले आफ्नै आँखामा धर्मी छु भनी विचार गर्दछन्।



परमेश्वर

वास्तवमा मानिसले क्षमा र चङ्गाइ पाएको छ।

यी सबै कामहरू गर्नुभएर, येशूले आफू को हुनुहुन्छ भनी देखाउनुहुन्छ।

येशूसँग पापहरू क्षमा गर्ने अधिकार छ। उहाँले साँच्चै पाप क्षमा गर्नुहुन्छ। शारीरिक अशक्तहरूलाई उहाँले साँच्चै पुनर्थापित गर्नुहुन्छ। उहाँले साच्चै रोग बिरामी निको पार्नुहुन्छ। उहाँले साँच्चै मृतकलाई बौरी उठाउनु हुन्छ।

परमेश्वरको नयाँ जीवनलाई नयाँ हृदय खाँचो पर्दछ!

येशूले सोध्नुहुन्छ, "यो काम गर्न म सक्षम छु भनी के तिमी विश्वास गर्छौ?"

त्यसपछि हरेकलाई अर्को पत्ता लगाउने समूहको भेलाको निम्ति निमन्त्रणा दिनुहोस्।

५	**प्रार्थना** (८ मिनेट) **[प्रतिक्रियाहरू]** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'इसाई समुदाय (मण्डली) को शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।

२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (व्यवस्था २८:१-३१:१३)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। १ कोरिन्थी १२:४-७,१२-२८ - विषय : इसाईहरूले ख्रीष्टको शरीरको रूपमा जिएर काम गर्छन्। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।